# कास्की जिल्ला भदौरे तामागी गा.वि.स.वडा नं १ ढापश्वारा स्थित देवी माई मन्दिरमा सोही स्थानका दलितहरु माथि भएको जातीय विभेद तथा छुवाछुतसम्बन्धमा गरिएको स्थलगत  अध्ययन प्रतिवेदन

प्रतिवेदन तयार गर्ने:
समता फाउन्डेशन,
काठमाण्डौ नेपाल

सहकार्य:
राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर, नेपाल
राष्ट्रिय दलित समाज कल्याण संघ, ललितपुर
दलित एकता संजाल

स्थलगत भ्रमण मिति: २०७३ जेठ २४ गते

## १. पृष्ठभूमि

गण्डकी अंचल कास्की जिल्ला भदौरे तामागी गा.वि.स. वडा नं. १ ढापस्वारामा ब्राह्मण, क्षेत्री, गुरुङ र दलित समुदायको बसोवास भएकोमा दलितहरुको बाहुल्य भएको उक्त बस्तीमा १।२ घर परियार र नेपाली समेत गरी करिव ६५ घर धुरी विश्वकर्माहरु रहेछन् । सोही स्थानमा करिव ४० वर्ष अगाडी देउराली देवी माई मन्दिर निर्माण भएको र सोही गा.वि.स. वडा नं. २ का निवासी हाल वर्ष ७७ का देवी प्रसाद भन्ने दुर्गादत्त पौडेलले पुजारीको रुपमा काम गर्दै आएको रहेछन् । सो मन्दिरमा विशेष गरि वर्षको एक पटक बुद्ध पुर्णिमाको दिनमा वली समेत दिने चलन रहेछ । पुजा गर्ने क्रममा दलित समुदायलाई मन्दिरमा पस्न नदिने, पुजारीले टिका नलगाइदिने र धुप अक्षयता समेत दलितहरुको हातबाट नलिई जातिय विभेद गर्दै आए पनि पुजारीको त्यस्तो विभेदको व्यवहार दलित समुदायले सहँदै आएका रहेछन् । सोही क्रममा मिति २०७३ साल जेठ ८ गते बुद्ध पुर्णिमाको दिनमा सधैं जस्तो ६५ घर धुरी दलितहरुको धुप अक्षता र सामुहिक तथा व्यक्तिगत भाकल (वलीको रुपमा भेडा) लिई करिव २५। ३० जना धन बहादुर, यम बहादुर, सेतु वि.क. लगायतका दलितहरु मन्दिरमा पुग्दा भक्तजनको धुप, अक्षता तथा बलीहरु लिई मन्दिर भित्र लगी पुजा गरेको र दलित हरुको धुप अक्षता र वलीलाई मन्दिरमा पुजा गरी मनाईदिन पुजारीलाई अनुरोध गर्दा धुप अक्षता भुईमा राख्न लगाई वलीलाई टाढै बाट पानी छम्की मन्साएको अवस्था रहेछ । वली मार हान्ने काम पुजारीले नगरेपनि निजले भनेको व्यक्तिले मार हान्ने गरेको र टाउको पुजारीले नै राख्ने हुदा गर्धन भन्दा पनि तल काटी टाउकोसंग धेरै मासु नै जाने भएकोले दलित समुदायले विरोध गरी आफ्नो वली आफुले नै मार हान्न पाउनु पर्छ भने पछि सो दिनमा आ-आफ्नो वली आफैले हान्ने क्रममा दलित समुदायको वली गोपाल वि.क.ले मार हानेको देखिन्छ । यसरी पुजा सकेपछि पुजारीले दलित समुदायलाई छुट्टै दुनामा अक्षता हाली भुईमा राखि दिएको र भक्तजनहरुलाई टिका लगाउन लाइनमा बस्न भनेपछि गैरदलित भक्तजनहरु (ब्रहाम्ण, गुरुङ) लाइनमा बसेको र दलितको बच्चाहरु साथै धन बहादुर, यम बहादुर, खुशीमान र सेतु वि.क. समेतका दलितहरु पनि लाईनमा बसेको अवस्थामा दलितलाई टिका लगाइदिन इन्कार गरि तिमी दमाई कामीहरुलाई मैले टिका लगाईदिन्न, तिमीहरुको लागी पहिल्लै दिई सकेको छु भनि टिका लाउन इन्कार गरेपछि धन बहादुर, यम बहादुर, खुशीमान र सेतु वि.क. समेतले आफै मन्दिरमा पसी टिका लाउछौं भगवानको दर्शन गर्छौं भन्दा पुजारीले दमाई, कामी, सार्कीले मन्दिर पस्न पाउदैनन भनेपछि पुजारी र दलित समुदायको विचमा भनाभन भएको रहेछ । सो घटनाको विषयमा पिडितहरुले दलित संघ सस्थाहरु लाई जानकारी गराएपश्चात व्यापक छलफल गरी ५ वर्ष अगाडी पनि पुजारीले गरेको विभेद उपर छलफल गरी माफी दिएकोले फेरी पनि दलित समुदायलाई विभेद गरेको हो भन्ने निस्कर्षमा पुगि अधिवक्ता शिव सुनार संगको कानुनी परामर्श पश्चात पुजारीका विरुद्धमा जातिय भेदभाव तथा छुवाछुत कसुर र संजाय ऐन २०६८ बमोजिम मिति २०७३।०२। १४ गते जाहेरी परेको देखिन्छ । पुजारी विरुद्ध जाहेरी परेपछि १४ गते नै पक्राउ भएपनि पुजारीको आफन्त जनक पराजुलीले पुजारीलाई आइतवार उपस्थित गराउने शर्तमा १४ गते शुक्रवार फिर्ता लगेको समेत पाइयो । आइतवार करिव ९ वजे पुजारीलाई जि.प्र.कार्यलयमा उपस्थित गराएपनि माफी मगाई पुजारीलाई छाडी दिन र जाहेरी फिर्ता लिन पिडितहरुलाई अनुरोध गरे पनि अन्तत् अभियुक्त उपर जाहेरी दर्ता भई अनुसन्धानको लागी म्याद थपी कार्वाही अगाडी बढ्यो । उक्त घटना स्थल सदरमुकाम सुन्दर नगरी पोखराबाट ३६ किलोमिटर टाढा रहेछ । दलितहरुमाथि जातिय विभेद भएकोमा दलित अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था,समाज तथा पार्टी निकटका भातृ संगठनहरुले आकस्मिक वैठक बसि घटनाको भर्त्सना गर्दै दोषीलाई कार्वाही गर्न प्रेश विज्ञप्ती समेत निकालेको अवस्था रहेछ । घटनाको सत्य तथ्य पत्ता लगाउन स्थलगत अध्ययन गर्नका लागी राष्ट्रिय दलित आयोगका मा.सदस्य मन्जित ताम्राकारको संयोजकत्वमा १० सदस्सीय टोली घटनास्थलको स्थलगत अवलोकन गरी सरोकारवाला व्यक्तिहरु, पीडित समुदाय तथा निकायहरुसंगको छलफल एवं अनुसन्धान पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

**२. स्थलगत अध्ययनको उद्देश्यः**

- घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।
- पीडकलाई कारबाही र पीडितलाई न्यायका लागि सम्बन्धित निकायमा पहल एवं शिफारिस गर्ने ।
- घटनाका विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने ।

**३. घटना मिति :** २०७३ जेष्ठ ८ गते

**४. स्थलगत भ्रमण मिति :** २०७३ जेठ २४ गते

**५. अध्ययन टोलीका सदस्यहरु**

- मन्जीत ताम्राकार टोली संयोजक (सदस्य नेपाल राष्टिय दलित आयोग)
- गोवर्धन कोली (सदस्य नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ)
- गोपाल नेपाली (समता फाउण्डेसन, काठमाण्डौ)
- खड्क गैरे (साकी) (अध्यक्ष दलित एकता संजाल अ.रा.समन्वय समिति)
- रमेश सुनार (अध्यक्ष दलित एकता संजाल कास्की)
- नारायण सुनार (उपाध्यक्ष दलित एकता संजाल, कास्की)
- कमला विश्वकर्मा (सचिव दलित एकता संजाल, कास्की)
- शिव बहादुर सुनार (अधिवक्ता) (कानुनी परामर्शदाता)

**६. तथ्य संकलन विधि**

- घटनास्थलको अवलोकन ।
- घटनाको विषयमा प्रकाशित सामग्रीहरुको अध्ययन ।
- घटना पीडित व्यक्तिहरु, प्रत्यक्षदर्शीहरु, स्थानीय सरोकारवालाहरु तथा पीडकसंग सँग भेटघाट, अन्तर्वाता तथा कुराकानी ।

**७. मिति २०७० जेठ २४ को घटनाका पीडितहरुको विवरण**

**८. घटना विवरण :**

मिति २०७३ साल जेठ ८ गते वुद्ध पुणिंमाको दिनमा सधैं जस्तो ६५ घर धुरी दलितहरुको धुप अक्षता र सामुहिक तथा व्यक्तिगत भाकल (वलीको रुपमा भेडा) लिई करिव २५। ३० जना धन बहादुर, यम बहादुर, सेतु वि.क. लगायतका दलितहरु मन्दिरमा पुग्दा पुजारी देवीदत्त पौडलले भक्तजनहरुको धुप, अक्षता तथा बलीहरु लिई मन्दिर भित्र लगी पुजा गरेको र दलित हरुको धुप अक्षता र वलीलाई मन्दिरमा पुजा गरी मनाईदिन पुजारीलाई अनुरोध गर्दा धुप अक्षता भुईमा राख्न लगाई वलीलाई टाढै बाट पानी छम्की मन्साएको अवस्थामा रहेछ । वली मार हान्ने काम पुजारीले नगरेपनि निजले भनेको व्यक्तिले मार हान्ने गरेको र टाउको पुजारीले नै राख्ने हुदा गर्धन भन्दा पनि

तल काटी टाउको संग धेरै मासु नै जाने भएकोले दलित समुदायले विरोध गरी आफ्नो वली आफुले नै मार हान्न पाउनु पर्छ भने पछि आ-आफ्नो वली आफैले हान्ने क्रममा दलित समुदायको वली गोपाल वि.क.ले मार हानेको देखिन्छ । यसरी पुजा सकेपछि पुजारीले दलित समुदायलाई छुट्टै दुनामा अक्षता हाली भुईमा राखि दिएको र भक्तजनहरुलाई टिका लगाउन लाइनमा बस्न भनेपछि गैरदलित भक्तजनहरु (ब्रहाम्ण, क्षेत्री, गुरुङ) लाइनमा बसेको र दलितको बच्चाहरु साथै धन बहादुर, यम बहादुर, खुशीमान र सेतु वि.क. समेत लाईनमा बसेको अवस्थामा दलितलाई टिका लगाइदिन इन्कार गरि तिमी दमाई, कामीहरुलाई मैले टिका लगाईदिन्न, तिमीहरुको लागी पहिल्लै दिई सकेको छु भनि टिका लाउन इन्कार गरेपछि हामीलाई जातिय विभेद गर्न पाइदैन भन्दै धन बहादुर, यम बहादुर,खुशीमान र सेतु वि.क.समेतले आफै मन्दिरमा पसी टिका लाउछौ भगवानको दर्शन गर्छौ भन्दा पुजारीले दमाई, कामी, सार्कीले मन्दिर पस्न पाउदैनन भनेपछि पुजारी र दलित समुदायको विचमा भनाभन भएको रहेछ । सो घटनाको विषयमा पिडितहरुले दलित संघ सस्थाहरु लाई जानकारी गराएपश्चात व्यापक छलफल गरी ५ वर्ष अगाडी पनि पुजारीले गरेको विभेद उपर छलफल गरी माफी दिएकोले फेरी पनि दलित समुदायलाई विभेद गरेको हो भन्ने निस्कर्षमा पुगि अधिवक्ता शिव सुनार संगको कानुनी परामर्श पश्चात पुजारीका विरुद्धमा जातिय भेदभाव तथा छुवाछुत कसुर र संजाय ऐन २०६८ बमोजिम जाहेरी लेखाई मिति २०७३।०२। १४ गते जाहेरी परेको देखिन्छ । पुजारी विरुद्ध जाहेरी परेपछि १४ गते नै पक्राउ भएपनि पुजारीको आफन्त जनक पराजुलीले पुजारीलाई आइतवार उपस्थित गराउने शर्तमा १४ गते शुक्रवार फिर्ता लगेको समेत पाइयो । आइतवार करिव ९ वजे पुजारीलाई जि.प्र. कार्यलयमा उपस्थित गराएपनि माफी मगाई पुजारीलाई छाडी दिन र जाहेरी फिर्ता लिन पिडितहरुलाई अनुरोध गरे पनि अन्तत् अभियुक्त उपर जाहेरी दर्ता भई अनुसन्धानको लागी म्याद थपी कार्वाही अगाडी बढ्यो । उक्त घटना स्थल सदरमुकाम सुन्दर नगरी पोखराबाट ३६ किलोमिटर टाढा रहेछ । दलितहरुमाथि जातिय विभेद भएकोमा दलित अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था,समाज तथा पार्टी निकटका भातृ संगठनहरुले आकस्मिक वैठक बसि घटनाको भर्त्सना गर्दै दोषीलाई कार्वाही गर्न प्रेश विज्ञप्ती समेत निकालेको अवस्था रहेछ । घटनाको सत्य तथ्य पत्ता लगाउन स्थलगत अध्ययन गर्नका लागी राष्ट्रिय दलित आयोग का मा.सदस्य मन्जित ताम्राकारको संयोजकत्वमा १० सदस्सीय टोली घटनास्थलको स्थलगत अवलोकन गरी सरोकारवाला व्यक्तिहरु, पीडित समुदाय तथा निकायहरुसंगको छलफल एवं अनुसन्धान पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

मिति २०७३ साल जेठ ८ गते करिव ८ वजे देवी माई मन्दिरमा जातिय भेदभावतथा छुवाछुतको घटना घटपछि स्थानिय केही दलितहरुले पनि मुद्धा दर्ता गर्नु भन्दा समाजमै मिलाउन पर्छ भन्ने प्रस्तावमा पनि छलफल भएको र दलित संघ सस्थाहरुलाई जानकारी गराएपछि व्यापक छलफल गरी मिति २०७३।२।१४ गते जातीय विभेद तथा छुवाछूत कसुर र सजाय ऐन २०६८ बमोजिम जिल्ला प्रहरी कार्यलय कास्कीमा जाहेरी दर्ता भएकोमा सोही दिनमा अभियुक्तलाई पक्राउ गरे पनि पुजारीको आफन्त जनक पराजुलीले जिम्मा लिई पर्सी पल्ट मात्र प्रहरीमा हाजीर गराई मुद्धा दर्ता नगरी मिलाउन अन्तिम समयसम्म पनि प्रयास गरेको देखियो । यद्धपी जाहेरी दर्ता भई म्याद थपेर अनुसन्धान गर्ने क्रममा अभियुक्त देवी प्रसाद भन्ने दुर्गादत्त पौडेलले वयान गर्दा वारदातलाई अस्विाकार गरी वयान गरेका रहेछ ।१। २ घटना बाहेकका मुद्धामा अभियुक्तहरु साविति हुने र पिडित तथा वस्तुसथितिको वयान कागज गर्नेहरुले पनि वारदात पुष्टि हुने गरी कागज गर्ने गरिन्छ तर यस घटनामा अभियुक्त इन्कारी भएको र पिडित तथा वस्तुर्सथितिका कागज गडाउ भएपनि अदालतमा वयान गर्दा पुर्ण रुपमा इन्कार गरी बयान गरेको अवस्थामा श्री सम्मानित अदालत कास्की मा.न्या.शेखर प्रसाद पौडेल ज्यु,बाट मिति २०७३।२।२४ गते थुनछेक तर्फ आदेश गर्दा सामान्य धरौट रु.११,०००।-तोकी तारेखमा अभियुक्तलाई छाडिएको र तारेखमा रही मुद्धाको पुर्पक्ष भई रहेको अवस्था छ ।

**९. घटनाका सम्बन्धमा सरोकारवालाहरुको भनाई :**

**धन बहादुर वि.क.** २०७३।०२।०८ गते वुद्धपुणिंमाको दिनको सधै जस्तो बिहान करिव ८ वजे देवी माई मन्दिरमा धुप, अक्षता र भाकल लिएर गएको र पुजारीलाई धुप अक्षता लिनुहोस् भन्दा भुइमा राख्न लगाएर आफुले उठाएका हुन र पुजा सकिएपछि सवैलाई टिका लाउन लाइनमा बस्न भनेकाले म समेत बसेको थिएं तर पुजारीले तिमी दमाई, कामीलाई मैले टिका लगाइदिन्न भनेका हुन् र म समेतले उसो भए आफै मन्दिरमा पसी टिका लगाई दर्शन गर्छौ भन्दा तिमी दमाई, कामीलाई मन्दिर पस्न दिन्न भनि विभेदका व्यवहार गरेका हुनाले गाउमा मिलाउने प्रयास गरेपनि जाहेरी दिएको हो ।

**गोपाल वि.क.** २०७३।०२।०८ गते वुद्धपुणिंमाको दिनमा सधै जस्तो हामीहरुले बिहान करिव ८ वजे देवी माई मन्दिरमा धुप, अक्षता र भाकल (वली भेडा) लिएर गएको र पुजारीलाई धुप अक्षता लिनुहोस् भन्दा भुइमा राख्न लगाएर आफुले उठाएका हुन र वलीलाई पनि मन्दिरमा पुजा गरि मन्साइदिनुहोस् भन्दा टाढैबाट पानी छम्कीदिएका हुन । पुजा सकिएपछि मन्दिरमा भएका भक्तजनलाई टिका लाउन लाइनमा बस्न भनेका हुदा दलितहरु पनि बसेको थिएं तर पुजारीले तिमी दमाई, कामीलाई मैले टिका लगाइदिन्न भनेका हुन् । वली मार हान्दा गर्धन भन्दा धेरै काट्ने भएकोले मैले नै आ-आफ्नो भाकल वली आफैले मार हान्न पाउनुपर्छ भनेपछि सोही अनुसार दलितहरुको वली मैले नै मार हानेको हो । पुजारीले दलितहरुलाई मन्दिर पस्न नदिई जातिय विभेद तथा छुवाछुत गरेका हुन् ।

**नवराज वि.क. (पिडित)** मिति २०७३।२।८ गते चण्डीपुणिंमाको दिनमा देउराली देवीमाई मन्दिरमा पुजा गर्न भनि म सहित धेरै जना गाउलेहरु गएका थियौ । त्यहा गैरदलित भक्तजनहरु आ-आफ्नो धुप अक्षता र वली लिएर गएका र उनिहरुलाई पुजारीले मन्दिर भित्र पसी पुजा गर्न,ढोग गर्न दिए तर हामी दलितहरुलाई मन्दिर प्रवेश गर्न नदिने,भित्र पस्न खोज्दा तिमीहरु दमाई, कामी अछुत हौ तिमीहरुको धुप अक्षता चल्दैन भन्दै जातिय बिभेद गरे त्यसपश्चात गैरदलितहरुलाई लाइनमा बसाली टिका लगाई दिए भने म समेतका दलितहरुलाई पुजारीले दमाई, कामीलाई टिका लगाईदिन्न भनि विभेदित शव्दहरु प्रयोग गरी छुवाछुतको कसुर गरेका हुन ।

**राम प्रसाद पौडेल (प्र.अ.):** म बहादुरे उ.मा.को प्र.अ.हु । मिति २०७३।०२।०८ गते वुद्धपुणिंमाको दिन स्कुल विदा भएकोले घर तिर नै थिएं प्रत्येक वर्ष वुद्धपुणिंमाको दिनमा देउराली देवी मन्दिरमा पुजा हुने गरेको र सवै गाउलेहरुले धुप;अक्षता र बली समेत लैजाने गरेकामा पुजारीले दलितलाई मन्दिर प्रवेशमा रोक लगाई टिका समेत नलगाई बिभेद गरेका रहेछन । अहिलेको समयमा जातिय आधारमा मन्दिरमा विभेद गर्नु राम्रो कुरा होइन र पनि जेष्ठ नागरिक भएकाले यही समाजमा माफी मगाएर मिलाइदिन पाएको भए हुन्थ्यो । पुजारीले दलित भक्तजनलाई टिका नलगाई बिभेद गरेकै हुन । गल्ती गर्नेलाई सजाय हुनु पर्छ ।

**सिद्धिराज सुवेदी (शिक्षक)** मिति २०७३।२।८ गते वुद्धपुर्णिमा भएकोले स्कुल विदा थियो देवी माई मन्दिरमा प्रत्येक वर्ष पुजा हुने गरेको र सो दिनमा पुजारीले दलित समुदायको भक्तजनलाई टिका नलगाएका र मन्दिरमा प्रवेश गर्न नदिएका भन्ने सुनेर थाहा पाएको हो पुजारीको विभेदजन्य कार्य जातिय विभेद हो ।
**आस बहादुर गुरुङ (शिक्षक)** लगायत अन्य शिक्षकाहरु माधव प्रसाद पौडेल, ध्रुर्व प्र.अधिकारी ) आजको युगमा मन्दिरमा पुजारीले विभेद गर्न हुन्न । टिका लगाउन लाइनमा बसेका दलित भक्तजनलाइ टिका नलगाई पुजारीले विभेद गरेकै हुन ।

**सुशिला विश्वकर्मा (शिक्षिक)** दलितहरुलाई देउराली देवी माई मन्दिरमा पहिल्यै देखि नै मन्दिरमा प्रवेश दिइनथिएन । यस पटक पनि पुजारीले दलित भक्तजनलाई टिका नलगाई विभेद गर्दै मन्दिरमा समेत प्रवेश गर्न नदिई जातिय विभेद गरेका हुन् ।

**दिपक परियार (सञ्चारकर्मी):** घटना निन्दनिय भएकोले घटनाका दोषीलाई कडा कारवाई हुनैपर्छ र पिडितलाई न्याय दिनुपछ ।

### १०. अनुगमनका क्रममा भेटिएका तथ्यहरु :

- मिती २०७३ साल जेठ ८ गते करिव ८ वजे भदौरे तामागी गा.वि.स.वडा नं. १ ढापस्वारा निवासी दलितहरु देराली देवी माई मन्दिरमा पुजा गर्नका लागि धुप अक्षतार (भाकल)वली लिई मन्दिरमा जादा पुजारीले धुप अक्षता हातमा नलिई भुइमा राख्न लगाएको र टिका लगाउन लाइनमा बसेका दलितहरुलाई दमाई,कामी र सार्कीलाइ मैले टिका लगाउन्न् भनि विभेद गर्दै मन्दिर प्रवेश गर्न लागेका दलितहरुलाई “तिमी दमाई, कामी र सार्कीहरु (अछुतहरु) मन्दिर भित्र जाँन हुँदैन, तिमीहरु पस्न पाउँदैनौ” भनी सार्वजनिक मन्दिरमा दलितहरुलाई प्रवेश निषेध गरी जातीय विभेद तथा छुवाछूत गरेको देखिएको ।

- घटनाका प्रत्यक्षदर्शी गैर दलित समुदायका व्यक्तीहरुको अभिव्यक्ति तथा भनाईहरुलाई विश्लेषण गर्दा मन्दिरमा पुजारीले दलित समुदायलाई टिका नलगाई, मन्दिरमा प्रवेश गर्न नदिएको कार्य जातिय विभेद तथा छुवाछुत भएको कुरामा सहमत भएको पाइयो ।

### ११. घटनाका विरुद्ध आकर्षित हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरु

- नेपालको संविधान २०७२ धारा २४ (१ र ३), १६, १८ (३), २६
- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि वि.स. २०२२ (धारा १, ६)
- जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, वि.स. २०६८ को दफा ३ (१, २), ४ (२) (क) र ४ (७)
- नागरिक अधिकार ऐन वि.स. २०१२ को दफा ३

### १२. सुझावहरुः तथा निश्कर्ष

**(क) निष्कर्ष:**

वर्तमान नेपालको संविधान २०७२ को धारा २६ ले धार्मिक स्वतन्त्रताको हकको प्रत्याभुती गरेको छ । उक्त धाराले धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था गरिएको छ । साथै जातीय भेदभाव तथा छुवाछुत(कसूर र सजाय) ऐन, २०६८ को दफा ४(७) मा कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुँदैन भन्ने स्पस्ट संवैधानिक तथा कानूनी व्यवस्था गरिएकोमा माथि उल्लेखित घटना विवरण अनुसार दलित समुदायका व्यक्तीहरु भएकै कारण निज व्यक्तीहरु माथी जातीय भेदभाव तथा छुवाछुतजन्य कार्य गरिएको देखिन्छ । तसर्थ देवी दत्त पौडेल भन्ने ले गरेको कार्य संविधानले प्रत्याभुती गरेको धार्मिक स्वतन्त्रताको मौलिक हक तथा कानूनी हक समेतको विरुद्धको कार्य देखिन्छ ।

**(ख) सुझावः**

- पिडकलाई विधमान कानून जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ अनुसार हदैसम्मको कानूनी कारवाही गर्नुपर्ने ।
- यस प्रकारको जातिय भेदभाव तथा छुवाछुत जस्ता घटनाले पीडित दलित समुदायहरुको स्वतन्त्रता पूर्वक वाँच्न पाउने मौलिक अधिकार र आफूले इच्छाएको धर्मको स्वतन्त्रता पूर्वक अभ्यास गर्न पाउने समेतका मौलिक हकको हनन भएको हुँदा अविलम्व राज्यवाट सो को उपयोग गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुपर्ने ।
- यस्ता किसिमका घटनाहरु भविष्यमा दोहोरिन नदिन र समाजमा सद्भाव कायम राख्न नेपाल सरकारले प्रभावकारी रुपमा स्थानिय प्रशासनको नेतृत्वमा सचेनामुलक विशेष अभियान सन्चालन गर्नुपर्ने ।
- राष्ट्रिय मानवअधिकार आयोग, दलित आयोग तथा अन्य मानवअधिकार संघ सस्थाहरुले पीडितलाई न्याय दिलाउन र छुवाछुतका घटनामा कमी ल्याउन विषेश पहल गर्नुपर्ने ।
- राजनीतिक दलका निवार्चित प्रतिनिधिहरुले नै संबिधान र कानुन बनाउने भएकोले सो को प्रभावकारी कार्यन्वयन गर्न पनि राजनीतिक दलहरुले केन्द्र देखि गांउ स्तर सम्म जातिय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ को विषयमा सचेतनामुलक कार्यक्रम संचालन गर्नु पर्ने तथा नेपाल सरकारले छुवाछुतजन्य व्यवहारलाई निरुत्साहित गर्नको लागी कानुनको प्रभावकारी कार्यन्वयनमा जोड दिनु पर्दछ ।

**१३. अनुसूचि :**

**(क) अध्ययन भ्रमण गरिएका स्थानहरु तथा निकायहरु**

- घटनास्थल ।
- स्थानीय दलित अधिकारकर्मी ।
- स्थानीय संचारकर्मी ।
- दलित एकता संजालका पदाधिकारीहरु ।
- घटनाका पीडित तथा पीडित परिवारका सदस्यहरु ।
- घटनास्थलका गैरदलित समुदायका व्यक्तिहरु ।
- सरकारी वकिल कार्यलय ।
- जिल्ला प्रहरी कार्यलय कास्कि

(ख) घटनासँग सम्बन्धित न्युजहरु

(ग) भ्रमणका समयमा लिइएका विभिन्न फोटोहरु

(घ) स्थानीय संघ संस्थाले जारी गरेको प्रेश विज्ञप्ती

**प्रेश विज्ञप्ती**

२०७३ जेठ ११

आजको एक्काइशौ शताव्दीमा कास्कीको भदौरे तामागी -१ देवी माईको मन्दिरमा गरिएको छुवाछुत घटनाबाट हामी स्तव्ध भएका छौ । सार्वजनिक मन्दिरमा पूज ागर्न र टिका,र प्रसादी ग्रहण गर्न बञ्चित गरिएको यो घटना अन्तराष्ट्रिय महासन्धि,नेपालको सबिधान,मौजुदा ऐन,कानुन अनुसार जघन्य सामाजीक अपराध हो । यसले हाम्रो समाजको मध्ययुगीन बर्वरतालाई स्पष्ट गरेको छ । जतिय छुवाछुत मुक्त राष्ट्र ने पालको गरिमा माथि गम्भिर आंच पुऱ्याएको छ । यस घटनाको हामी तपशिलका संघसंस्थाहरु घोर भर्त्सना गर्दछौ । घटनाको दोषी मन्दिरका पुजारी देवी प्रसाद पौडेललाई याथासिघ्र कानुनी कटघरामा ल्याई कारवाही गर्न जोडदार माग गर्दछौं । हामी यस घडीमा पुर्वाञ्चलको एसएसपी पवन प्रसाद खरेलको जातीय छुवाछुत सम्वन्धी विषयमा आएको विबादस्पद व्यवहार र भनाइको पनि न्यायिक छानविनको माग गर्दछौं । साथै यस जघन्य सामाजिक अपराधको न्यायिक छानविन गर्न त्यसको विरुद्ध सामाजिक रुपान्तरण सहित सद्भाव निर्माणको लागि सहयोग पुऱ्याउन सम्पूर्ण अधिकारकर्मी,शिक्षक,वुद्धिजिवी,कर्मचारी,पत्रकार,नागरिक समाज बिद्यार्थी लगायत सम्पुर्ण जनवर्गामा हार्दिक अपिल गर्दछौं ।

१) नेपाल दलित संघ,कास्की
२) नेपाल उत्पीडित जातीय मुक्ति समाज,कास्की
३) नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा,कास्की
४) दलित एकता सञ्जाल,कास्की
५) दलित युवा सञ्जाल,कास्की
६) परियार सेवा समाज,कास्की
७) मिजार समाज,कास्की
८) बिश्वकर्मा समाज,नेपाल
९) नयां शक्ति दलित अभियान,कास्की
१०) जातिय समता समाज,कास्की
११) संघिय समाजवादी शिल्पी महासंघ
१२) गनधर्व समाज,कास्की
१३) जलारी समाज,कास्की
१४) दलित महिल संघ,कास्की
१५) दलित गैर-सरकारी संस्था महासंघ,पश्चिमाञ्चल
१६) दलित एकता सञ्जाल महिला शसक्तिकरण अभियान
१७) दलित विद्यार्थी मञ्च,पि.एन.क्याम्पस
१८) श्री प्रगती युवा परिवार,भदौरे देउराली,कास्की




श्री प्रगति युवा परिवार







